पूर्वाञ्चल विश्वविद्यालय
परीक्षा व्यवस्थापन कार्यालय
विराटनगर

# सेमेस्टर तथा वार्षिक परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातक एवं स्नातकोत्तर तहका विभिन्न शैक्षिक कार्यक्रमहरूको रजिस्ट्रेशन फर्म भर्ने भराउने सम्बन्धी निर्देशिका

(१) (क) यस विश्वविद्यालयका आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पस/कलेज अन्तर्गत सेमेस्टर तथा वार्षिक परीक्षा प्रणाली अनुसार स्नातक एवं स्नातकोत्तर तहका विभिन्न शैक्षिक कार्यक्रम(हरू)मा प्रथम सेमेस्टर/वर्षमा नियमानुसार आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरी नयाँ भर्ना हुन चाहने विद्यार्थी(हरू)को नाम-दर्ता (Registration) का लागि सम्बन्धित विद्यार्थी(हरू)बाट तोकिएको रजिस्ट्रेशन फर्ममा मागिए जति आवश्यक सम्पूर्ण विवरण स्पष्ट बुझिने अक्षरमा भरी भराई क्याम्पस/कलेजबाट प्रमाणित अघिल्ला तहका तोकिएका शैक्षिक तथा आवश्यक अन्य सम्पूर्ण सक्कल तथा प्रतिलिपि प्रमाणपत्रहरू संलग्न गरी नियमानुसार जम्मा हुन आएको शुल्कको ड्राफ्ट वा बैंक भौचरसाथ रजिस्ट्रेशन फर्म(हरू) यस कार्यालयबाट प्रेषित पत्र मार्फत् तोकिएको मिति भित्र सम्बन्धित क्याम्पस/कलेजका आधिकारिक प्रतिनिधि यस कार्यालयमा आई बुझाउनु पर्नेछ ।

सो बाहेक अन्य कुनै पनि स्रोतबाट प्राप्त रजिस्ट्रेशन फर्म(हरू) स्वीकार गरिने छैन ।
तर आवश्यकता अनुसार छुट्टै सूचनाद्वारा रजिस्ट्रेशन फर्म बुझाउने स्थान तोक्न सकिनेछ ।

(ख) तोकिएको समय भित्र रजिस्ट्रेशन फर्म भर्न भराउन छुट भएका विद्यार्थी(हरू)लाई नियमानुसार लाग्ने शुल्कको दोब्बर शुल्क सहित यस कार्यालयबाट उपरोक्त (१) (क) अनुसार प्रेषित पत्र मार्फत् तोकिएको मितिबाट ७ (सात) दिन भित्र रजिस्ट्रेशन फर्म भरी भराई जम्मा हुन आएको रकमको ड्राफ्ट वा बैंक भौचरसाथ उक्त रजिस्ट्रेशन फर्म(हरू) सम्बन्धित क्याम्पस/कलेजका आधिकारिक प्रतिनिधि यस कार्यालयमा वा तोकिएको स्थानमा आई बुझाउनु पर्नेछ ।

त्यसरी नियमित समय भन्दा ढिलो गरी बुझाउन ल्याइएका रजिस्ट्रेशन फर्म(हरू)का सन्दर्भमा आवश्यक परे यस कार्यालयबाट सो को कारण वा प्रमाण माग गर्न सकिनेछ । चित्त बुझ्दो कारण वा प्रमाण पेश गर्न नसक्ने क्याम्पस/कलेजका रजिस्ट्रेशन फर्म(हरू) स्वीकार गर्न कार्यालय बाध्य हुने छैन ।

<u>पुनश्च</u>: माथि नं. (१) को (क) तथा (ख) अनुसार यस कार्यालयमा बुझाइएका रजिस्ट्रेशन फर्म(हरू) मार्फत् अध्ययनार्थ भर्ना हुन चाहने विद्यार्थी(हरू)का सन्दर्भमा यसै निर्देशिकाको नं. (१) को (ग), (घ), (ङ) तथा नं. (४) अनुसार संलग्न शैक्षिक प्रमाणपत्रहरू लगायत अन्य कुनै कारणले पछि कुनै विद्यार्थी नाम-दर्ता (Registration) का निमित्त अयोग्य ठहरिए सो सम्बन्धमा विश्वविद्यालय उत्तरदायी हुने छैन ।

(ग) पूर्वाञ्चल विश्वविद्यालयबाट एक शैक्षिक सत्रमा अधिकतम विद्यार्थी भर्ना संख्या (Quota) तोकिएको भएमा सोही भर्ना संख्याको आधारमा बढीमा तोकिए जति मात्र रजिस्ट्रेशन फर्महरू स्वीकार गरिनेछ ।

(घ) पू.वि., प्राज्ञिक परिषद्को निर्णय अनुसार पूर्व शैक्षिक योग्यता पुगेका विद्यार्थीहरूको मात्र रजिस्ट्रेशन फर्म भरी भराई बुझाउनु पर्नेछ ।

(ङ) विज्ञान तथा प्रविधि र चिकित्साशास्त्र संकायका विद्यार्थीहरूको सन्दर्भमा यस विश्वविद्यालयबाट लिइने प्रवेश परीक्षामा उत्तीर्ण भएका विद्यार्थीहरूको मात्र नाम-दर्ता (Registration) गरिनेछ । अतः रजिस्ट्रेशन फर्ममा प्रवेश परीक्षा रोल नं., प्रवेश परीक्षा मिति तथा प्रवेश आवेदन फर्म बुझाएको क्याम्पस अनिवार्य उल्लेख गर्नु गराउनु पर्नेछ ।

(च) अंग्रेजी वर्णानुक्रम (English Spelling) अनुसार मिलाइएको विद्यार्थीहरूको नामावलीमा रजिस्ट्रेशन फर्मसँग संलग्न प्रमाणपत्रहरूको सूची तयार गरी सोही वर्णानुक्रममा रजिस्ट्रेशन फर्महरू फायलिङ्ग गरी क्याम्पस/कलेजको पत्र साथ यसै निर्देशिकाको नं. (१) को (ज) मा उल्लेखित नियमानुसारको रजिस्ट्रेशन शुल्क तथा नं. (६) मा उल्लेखित प्रवेश फारम बापतको सक्कल बैंक भौचर वा ड्राफ्ट समेत यस कार्यालयमा बुझाउनु पर्नेछ ।

<u>नोटः</u>- उपरोक्त पत्रमा प्रत्येक शैक्षिक कार्यक्रममा स्वदेशी विश्वविद्यालय वा बोर्ड तथा विदेशी विश्वविद्यालय वा बोर्डबाट अघिल्लो तह उत्तीर्ण हुने विद्यार्थीहरूको नामावली सहित जनही रजिस्ट्रेशन शुल्कको विवरण छुट्टाछुट्टै उल्लेख गरिएको हुनु पर्नेछ ।

(छ) रजिस्ट्रेशन फर्ममा हालसालै खिँचिएको पासपोर्ट साइजको १ (एक) प्रति दुबै कान देखिने फोटो टाँसी सम्बन्धित क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फर्ममा पर्ने गरी सही छाप गर्नु पर्नेछ । अर्को १ (एक) प्रति फोटोको पछाडि स्पष्ट बुझिने अक्षरमा सम्बन्धित विद्यार्थीको नाम लेखी फर्मसँगै संलग्न गरी बुझाउनु पर्नेछ ।

(ज) नियमानुसार रजिस्ट्रेशन शुल्क तथा प्रवेश फारम बापत जम्मा हुने रकम यस कार्यालयको नबिल बैंक लि., विराटनगर शाखाको **CALL A/C 0706010310803** मा जम्मा गरेको बैंक भौचर सक्कलै वा यस कार्यालयको नाममा खिँचिएको डिमान्ड ड्राफ्ट अनिवार्य रुपले रजिस्ट्रेशन फर्मसाथ बुझाउनु पर्नेछ । बैंक भौचर वा फ्याक्स् ट्रान्स्फरको फोटोकपी स्वीकार गरिने छैन ।

(२) <u>नाम-दर्ता (Registration) मा कायम गरिने विद्यार्थीको नामको अंग्रेजी वर्णानुक्रम (English Spelling) सम्बन्धी</u>

(क) रजिस्ट्रेशन फर्म भर्दा भराउँदा एस.एल.सी. वा सो सरहको प्रमाणपत्र अनुसार विद्यार्थीको नाम/थर, जन्म मिति, बाबुको नाम/थर आदिको अंग्रेजी वर्णानुक्रम सहित अक्षरशः फरक नपर्ने गरी भर्नु भराउनु पर्नेछ ।
तर विभिन्न शैक्षिक प्रमाणपत्रहरूमा विद्यार्थीको नामको अंग्रेजी वर्णानुक्रम भिन्न-भिन्न भएमा एस.एल.सी. वा सो सरहको प्रमाणपत्र (नियमित मार्कशीट) को आधारमा विद्यार्थीको नाम-दर्ता (Registration) गरिनेछ ।

(ख) विद्यार्थीको नाम संशोधन गर्नु पर्ने भएमा अघिल्ला तहका सम्पूर्ण शैक्षिक प्रमाणपत्रहरू सम्बन्धित विश्वविद्यालय वा बोर्ड वा संस्थाबाट सच्च्याई पेश गरे पछि मात्र नियमानुसार तोकिएको शुल्क लिई संशोधन गरिनेछ ।

<u>पुनश्च</u>:- यस विश्वविद्यालयबाट उपलब्ध प्रथम सेमेस्टर/वर्षका ग्रेडशीट वा मार्कशीटमा विद्यार्थीको नाम अशुद्ध भएमा ग्रेडशीट वा मार्कशीट प्राप्त भएको मितिले बढीमा ६० दिन भित्र कलेजको सिफारिश-पत्र साथ माथि (ख) अनुसार सच्च्याई पेश गरिएका प्रमाणपत्रहरू समावेश गरी नियमानुसार तोकिएको शुल्क जम्मा गरी नाम संशोधनका लागि यस कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(ग) यस विश्वविद्यालयमा नाम-दर्ता (Registration) भए पछि विवाह भएका महिला विद्यार्थीको थर सच्च्याउनु, थप्नु वा हटाउनु पर्ने भएमा आधिकारिक निकायबाट जारी गरिएको विवाह-दर्ताको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

<u>नोट</u>:- यस विश्वविद्यालयमा नाम-दर्ता (Registration) हुनु पूर्व विवाह भइसकेका महिला विद्यार्थीको संशोधित थरबाटै नाम-दर्ता (Registration) गर्नु पर्ने भएमा सम्बन्धित विद्यार्थीको निवेदन तथा कलेजको सिफारिश पत्र साथ रजिस्ट्रेशन फर्म समेतमा इच्छाइएको थर लेखी रजिस्ट्रेशन फर्म साथ विवाह-दर्ताको प्रमाणपत्र संलग्न गर्नु पर्नेछ । तर यसरी संशोधित नामबाटै नाम-दर्ता (Registration) गरे बापत नाम संशोधन शुल्क लाग्ने छैन ।

(घ) <u>नाम संशोधन गरे बापत निम्नानुसारको शुल्क बुझाउनु पर्नेछ</u>:-

*(पू.वि. कार्यकारी परिषदको मिति २०६९/१/२१ को निर्णय अनुसार संशोधित)*

(१) विश्वविद्यालयबाट जारी हुने कुनै प्रमाणपत्र(हरू) प्राप्त गर्नु पूर्व नाम संशोधन गरेकोमा रू. ५००/- लाग्नेछ ।

(२) विश्वविद्यालयबाट जारी हुने कुनै प्रमाणपत्र(हरू) प्राप्त गरे पछि नाम संशोधन गरेकोमा प्रत्येक मूल प्रमाणपत्रको नियमित शुल्क अनुसारको शुल्क लाग्नेछ । साथै, नाम संशोधनका लागि निवेदन दिँदा विद्यार्थीले प्राप्त गरेका प्रमाणपत्र(हरू) सक्कलै यस कार्यालयमा बुझाउनु पर्नेछ ।

<u>नोट</u>:- यस विश्वविद्यालयबाट जारी हुने ट्रान्स्कृप्ट, प्रोभिजनल तथा माइग्रेसन प्रमाणपत्र बापत माथि (२) अनुसार तथा प्रत्येक ग्रेडशीट वा मार्कशीट बापत रू. १००/- लाग्नेछ ।

(३) यस विश्वविद्यालयमा नाम-दर्ता (Registration) भई Migration Certificate लिई सकेका विद्यार्थीहरूले यसै विश्वविद्यालय अन्तर्गतको कुनै अर्को शैक्षिक कार्यक्रममा पुनः भर्ना लिएमा त्यस्ता विद्यार्थीहरूले समेत नयाँ भर्ना भएका विद्यार्थी सरह रजिस्ट्रेशन फर्म भर्नु पर्नेछ । त्यसरी Migration Certificate लिई सकेका विद्यार्थीहरूलाई नयाँ रजिस्ट्रेशन नं. कायम गरिनेछ ।

तर, अर्को शैक्षिक कार्यक्रममा पुनः भर्ना लिई नयाँ भर्ना भएका विद्यार्थी सरह रजिस्ट्रेशन फर्म भरी/भराई आउने विद्यार्थी(हरू)ले रजिस्ट्रेशन फर्म साथ यस विश्वविद्यालयबाट जारी गरिएको सक्कलै Migration Certificate संलग्न गरेमा निजको पुरानै रजिस्ट्रेशन नं. कायम गरिनेछ । तर रजिस्ट्रेशन शुल्क बापतको रकम बुझाउनु पर्नेछ ।

साथै, यस विश्वविद्यालयमा रजिस्ट्रेशन भई Migration Certificate नलिएका विद्यार्थीहरूले यसै विश्वविद्यालय अन्तर्गतको कुनै अर्को शैक्षिक कार्यक्रममा पुनः भर्ना लिएमा आफ्नो रजिस्ट्रेशन नं. उल्लेख गरी रजिस्ट्रेशन फर्म अनिवार्य भर्नु पर्नेछ, तर रजिस्ट्रेशन शुल्क बापतको रकम बुझाउनु पर्ने छैन । त्यसरी Migration Certificate नलिएका विद्यार्थीहरूको पुरानै रजिस्ट्रेशन नं. कायम गरिनेछ ।

(४) रजिस्ट्रेशन फर्ममा समावेश हुनु पर्ने शैक्षिक प्रमाणपत्रहरू :–
नोटः– *सक्कलै पेश गर्नु पर्ने भनी तोकिएकोमा बाहेक तल उल्लेखित प्रमाणपत्रहरू प्रतिलिपि मात्र पेश गर्नु पर्नेछ ।*

(क) स्नातक तहका लागि पेश गर्नु पर्ने शैक्षिक प्रमाणपत्रहरू

(१) एस.एल.सी. वा सो सरहको उत्तीर्ण परीक्षाको मार्कशीट र चारित्रिक प्रमाणपत्र ।
(२) प्रमाणपत्र तह वा +२ वा सो सरहको उत्तीर्ण परीक्षाको ट्रान्स्कृप्ट, चारित्रिक प्रमाणपत्र र स्थायी वा अस्थायी (Original or Provisional) प्रमाणपत्र ।
(३) सक्कल माइग्रेशन प्रमाणपत्र ।
*(पू.वि., परीक्षा सम्बन्धी विनियम– २०७० द्वारा थप)*

(ख) स्नातकोत्तर तहका लागि पेश गर्नु पर्ने शैक्षिक प्रमाणपत्रहरूः–

(१) माथि नं. (४) (क) को (१), (२) तथा (३) मा उल्लेखित प्रमाणपत्रहरू लगायत स्नातक तहको ट्रान्स्कृप्ट, चारित्रिक प्रमाणपत्र र स्थायी वा अस्थायी प्रमाणपत्र ।

(ग) अन्य विविध कार्यक्रम(हरू) का लागि पाठ्यक्रममा उल्लेखित आवश्यक शैक्षिक तथा/वा अन्य प्रमाणपत्र(हरू)

(१) EMBA शैक्षिक कार्यक्रममा भर्ना हुन चाहने विद्यार्थी(हरू)को सन्दर्भमा अघिल्लो तहमा ४०% देखि माथि ४५% भन्दा कम प्राप्तांक हुनेका लागि २ वर्षको तथा ४५% भन्दा माथि प्राप्तांक हुनेका लागि १ वर्षको कार्य अनुभवको प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ ।

पुनश्चः उक्त कार्य–अनुभव विद्यार्थीले कक्षा सञ्चालन हुनु पूर्व पूरा गरिसकेको हुनु पर्नेछ ।

(२) MTS शैक्षिक कार्यक्रममा भर्ना हुन चाहने विद्यार्थी(हरू)को सन्दर्भमा Travel & Tourism मा स्नातक गर्नेले बाहेक अन्यले Travel & Tourism वा Hotel Management क्षेत्रमा गरेको २ वर्षको कार्य अनुभवको प्रमाणपत्र समेत पेश गर्नु पर्नेछ ।

पुनश्चः उक्त कार्य–अनुभव विद्यार्थीले कक्षा सञ्चालन हुनु पूर्व पूरा गरिसकेको हुनु पर्नेछ ।

(३) PGDCA शैक्षिक कार्यक्रममा भर्ना हुन चाहने विद्यार्थी(हरू)को सन्दर्भमा अघिल्लो तहमा ४०% देखि माथि ४५% भन्दा कम प्राप्तांक/प्रतिशत हुनेका लागि कुनै वैधानिक संस्थाबाट अध्ययनार्थ मनोनित गरिएको सिफारिस पत्र समेत पेश गर्नु पर्नेछ ।

(४) One Year B. Ed. शैक्षिक कार्यक्रममा भर्ना हुन चाहने विद्यार्थी(हरू)को सन्दर्भमा उक्त नं. (४) (क) को (१),(२) तथा (३) एवं (४) (ख) मा उल्लेखित सम्पूर्ण प्रमाणपत्रहरू पेश गर्नु पर्नेछ ।

(५) PBN शैक्षिक कार्यक्रममा भर्ना भर्ना हुन चाहने विद्यार्थी(हरू)को सन्दर्भमा उक्त (४) (क) को (१), (२) र (३) लगायत सम्बन्धित क्षेत्रमा न्यूनतम १ वर्ष काम गरेको *कार्य–अनुभवको प्रमाणपत्र* समेत पेश गर्नु पर्नेछ ।

पुनश्चः उक्त कार्य–अनुभव विद्यार्थीले प्रमाणपत्र तह उत्तीर्ण भए पछि आरम्भ गरी कक्षा सञ्चालन हुनु पूर्व पूरा गरिसकेको हुनु पर्नेछ ।

(६) नेपाल सरकारबाट अधिकार प्राप्त निकायबाट मान्यता नपाएका कुनै स्वदेशी अथवा विदेशी विश्वविद्यालय वा बोर्ड वा संस्थाबाट उत्तीर्ण विद्यार्थी यस विश्वविद्यालय अन्तर्गत कुनै कार्यक्रममा भर्ना हुन आएमा सम्बन्धित निकायबाट जारी गरिएको समकक्षताको प्रमाणपत्र समेत अनिवार्य पेश गर्नु पर्नेछ ।

(५) सेमेस्टर तथा वार्षिक परीक्षा प्रणाली अनुसार सञ्चालित स्नातक एवं स्नातकोत्तर तहका लागि रजिस्ट्रेशन शुल्क देहाय बमोजिम हुनेछ :–

*(पू.वि. कार्यकारी परिषदको मिति २०६९/१/२१ को निर्णय अनुसार संशोधित)*

| | साधारण | पेशागत | प्राविधिक |
|---|---|---|---|
| स्वदेशी विश्वविद्यालय वा बोर्डबाट अघिल्लो तह उत्तीर्ण गर्ने विद्यार्थी | रू. ५००/– | रू. ५००/– | रू. ७००/– |
| विदेशी विश्वविद्यालय वा बोर्डबाट अघिल्लो तह उत्तीर्ण गर्ने विद्यार्थी | रू. ७००/– | रू. ७००/– | रू.१०००/– |

द्रष्टव्यः– १. साधारण भन्नाले कला संकाय अन्तर्गत BA / BSW / MSW / MDS / MA (So/An) आदि तथा

व्यवस्थापन संकाय अन्तर्गत BBS आदि ।

२. पेशागत भन्नाले कला संकाय अन्तर्गत BMT/ BJMC/ BLAS/ BID/ MAMCJ/ MScPRD/ MScRDGS/ MScRDPM/ PGDPSI/ PGDPCJ/ PGDCMPB/ MDC/ MMT आदि

व्यवस्थापन संकाय अन्तर्गत BBA/ BHM/ BHCM/ BFD/ BTTS/ MBA/ MPA/ MTS/ MHHM/ EMBA/ EMBA (DM) आदि

शिक्षाशास्त्र संकाय अन्तर्गत B. Ed./ One Yr. B. Ed./ M.Ed. आदि तथा

कानून संकाय अन्तर्गत BA LLB/ LLM/ MD in CHL/ MD in HR आदि ।

३. प्राविधिक भन्नाले विज्ञान तथा प्रविधि संकाय अन्तर्गत BCA/ BCA(Hon)/ BIT/ B.Sc.Ag./ B.V. Sc. & A.H./ B.Sc.Bio-Chem./ B.Sc.Bio-Tech./ B.Tech.Bio-Tech./ BE (Civil/Computer/E&C/Electrical)/ B.Arch./ BE in GELRM/ Bachelor in Bio-medical Engg./ B. Tech. Food Tech./ B. Tech. Dairy Tech. / PGDCA / MCA / MSc (Life Sc.) / MSc in Dairy Tech. / MSc in Meat Tech. / ME in Earthquake / MSc Engg. Mgmt. / MSc Info. Sys. Engg. / MScUDC / MSc Nutrition & Dietetics आदि तथा

चिकित्साशास्त्र संकाय अन्तर्गत BHMS / B. Pharmacy / BSc Nursing / BPH / PBN / MPH/ M.Pharmacy आदि ।

(६) प्रवेश फारम शुल्क देहाय बमोजिम हुनेछ :–

*(पू.वि. कार्यकारी परिषदको मिति २०६९/१/२१ को निर्णय नं. २०६३ अनुसार)*

**विश्वविद्यालयबाट प्रवेश परीक्षा सञ्चालन नहुने सम्पूर्ण शैक्षिक कार्यक्रमको प्रवेश फारम बापत प्रति विद्यार्थी रू. १००/– लाग्नेछ ।**

परीक्षा नियन्त्रक